# स्रष्टा/कलाकार परिचयपत्र वितरणसम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना :**

सङ्गीत तथा नाट्य विधामा अथक साधना मार्फत समाज र राष्ट्रमा पुऱ्याएको अतुलनीय योगदानको कदर गर्दै यी विधासँग सम्बन्धित श्रष्टा, कलाकारहरुलाई सम्मान गर्ने अभिप्रायले स्रष्टा/कलाकार परिचयपत्र वितरण गर्ने सम्बन्धी कार्यविधि तर्जुमा गर्न वाञ्छनीय भएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृति लिई प्रज्ञा-प्रतिष्ठानले यो कार्यविधि बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **स्रष्टा/कलाकार परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७४** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'मन्त्रालय' भन्नाले नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय भन्ने सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले नेपाल सङ्गीत ताथ नाट्य प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ भन्ने सम्झनु पर्दछ ।

(ग) 'प्रज्ञा प्रतिष्ठान' भन्नाले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान भन्ने सम्झनु पर्दछ ।

(घ) 'सङ्गीत' भन्नाले गायन, सङ्गीत श्रृजना, वादन र नृत्य समेत सम्झनु पर्दछ ।

(ङ) 'नाट्य' भन्नाले नाटक, अभिनय, र रङ्गकर्म सम्झनु पर्दछ

(च) 'गीत' भन्नाले भाव तथा विषयवस्तु, कल्पना सङ्गीत बिम्व तथा प्रतिक र भाषाजस्ता तत्वहरु मिलेर बनेको गेयात्मक श्रृजना सम्झनु पर्दछ ।

(छ) 'गीतकार' भन्नाले साङ्गीतक प्रयोजन वा पुस्तक प्रकाशन गर्ने प्रयोजनका लागि मौलिक शब्द रचना गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) 'सङ्गीतकार' भन्नाले गीत तथा कविताका शब्दहरुमा मौलिक धुन तथा लय श्रृजना गरी गीतको पूर्ण स्वरुप प्रदान गर्ने तथा शब्दरहित धुन वा लय श्रृजना गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) 'लोक भाका सङ्कलक' भन्नाले परम्परादेखि चल्दै आएको रीतिरिवाज, धर्म, संस्कृति, चाड पर्व र जनजीवनसँग सम्बन्धित मौलिक भाका संकलन गरी राष्ट्रिय स्तरमा सार्वजनिक रुपमा प्रचार-प्रसारमा ल्याई यसको ख्याती तथा सम्वर्द्धनमा सहयोग पुऱ्याउने व्यक्ति सम्झनु पर्दछ ।

(ञ) 'सङ्गीत संयोजक' भन्नाले सङ्गीतकारको श्रृजनालाई प्रभावकारी प्रस्तुति दिने दृष्टिले आवश्यक बाद्ययन्त्रहरुको संयोजन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) 'गायक/गायिका' भन्नाले साङ्गीतिक श्रृजनामा सुर, ताल, र लयको अधिनमा रही आवाजको माध्यमद्वारा उक्त श्रृजनालाई कलात्मक ढङ्गले प्रस्तुति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) 'वाद्यवादक' भन्नाले गीतमा वाद्य सामाग्री बजाउने वा प्रस्तुत गर्ने व्यक्तिलाई जनाउँदछ ।

(ड) 'नृत्यकार' भन्नाले गीत तथा सङ्गीतको लय तथा तालको अधीनमा रही कलात्मक शारिरीक मुद्रा, चाल तथा हाऊ-भाऊद्वारा भाव प्रस्तुत गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) 'नृत्य निर्देशक' भन्नाले बाद्यवादनका ताल र सुर अनुसार जिउका अङ्गभङ्ग र हाउभाउ चाल देखाउने वा अङ्गप्रत्यङ्गलाई कलात्मक ढङ्गले प्रदर्शन गर्न नृत्यकारलाई निर्देशन गर्ने व्यक्ति सम्झिनु पर्दछ ।

(ण) 'नाटककार' भन्नाले नाटकको लेखन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) 'निर्देशक' भन्नाले नाटक, नृत्यसहित रङ्गमञ्चीय प्रस्तुतिका लागि निर्देशन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(थ) 'रङ्गकर्मी' भन्नाले रङ्गमञ्चमा प्रर्दशन गरिने नाटकमा कुनै पात्र/चरित्र विशेषको भूमिकामा अभिनय गर्ने व्यक्ति, ध्वनी परिकल्पनाकार, प्रकाश परिकल्पनाकार, बस्त्र विन्यासकार, श्रृँगार, मञ्च परिकल्पनाकारलाई सम्झनु पर्दछ ।

(द) 'परिचयपत्र' भन्नाले यस कार्यविधिद्वारा प्रदान गरिने परिचयपत्र लाई सम्झनु पर्दछ ।

(ध) 'समिति' भन्नाले दफा ११ बमोजिम गठित परिचयपत्र वितरण सिफारिस समिति सम्झनु पर्दछ ।

**(३) उद्देश्य :- यस कार्यविधिको उद्देश्य देहायवमोजिम रहेको छ :**(क) सङ्गीत, नाटक, गीत, वादन, गायन, नृत्य, अभिनय, रङ्गकर्मका माध्यमबाट राष्ट्रमा पुऱ्याएको योगदानको कदर स्वरुप श्रष्टा/कलाकारहरुलाई परिचयपत्र वितरण गर्ने ।

(ख) सङ्गीत, नाटक, गीत, वादन, गायन, नृत्य, अभिनय र रङ्गकर्मका माध्यमबाट विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्नका लागि उनीहरुको अभिलेख राख्ने र परिचयपत्र वाहकलाई राज्यका तर्फबाट सम्मान प्रदान गर्न सिफारिस गर्ने ।

**(४) परिचयपत्र वितरणमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार :-**
परिचयपत्र वितरणमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सङ्गीत तथा नाट्य क्षेत्रसँग सम्बन्धित स्रष्टा/कलाकारहरुको विवरण सङ्कलन एवं अद्यावधीक गर्ने ।

(ख) सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा गठित सिफारिस समितिको सिफारिसको आधारमा श्रष्टा/कलाकारहरुको श्रेणी वर्गीकरण सहित परिचयपत्र जारी गर्ने र नविकरण गर्ने ।

(ग) सिफारिस समितिको काम कारवाहीका सम्बन्धमा सुझाव तथा गुनासो सुन्ने ।

(घ) परिचयपत्र दुरुपयोगगरेमा वा परिचयपत्रको गरिमामा आँच आउने कार्य गरेमा आवश्यक कारवाही वा परिचयपत्र खारेज गर्ने ।

(ङ) परिचयपत्र वितरणसम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

**(५) श्रष्टा, कलाकारको वर्गीकरण :-**श्रष्टा/कलाकार/गायक,गायिकाहरुको वर्गीकरण देहाय वमोजिम गरिनेछ ।

क) गीतकार

ख) सङ्गीतकार

ग) लोक भाका संकलक

घ) गायक/गायिका

ङ)सङ्गीत संयोजक

च) वाद्यवादक

छ) नृत्यकार

झ) नाटककार

ञ) निर्देशक

ट) रङ्गकर्मी

**६) परिचयपत्र श्रेणी :-** परिचयपत्रमा देहाय बमोजिमको श्रेणी उल्लेख गरिने छ :-

क) प्रतिष्ठित श्रेणी(Renowned Class)

ख) बरिष्ठ श्रेणी (Senior Class)

ग) साधारण श्रेणी(General Class)

**(७) परिचयपत्र वितरणका न्यूनतम मापदण्डहरु** :- परिचयपत्र वितरणका न्यूनतम मापदण्डहरु अनुसूची १ र २ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**(८) विशेष व्यवस्था :(१)** यस कार्यविधिमा जुनसुकै मापदण्ड तोकिएको भएतापनि कार्यविधिको दफा ५ मा उल्लेखित विधाका विशिष्ट प्रतिभाहरुलाई प्रतिष्ठित श्रेणीको परिचयपत्र प्रदान गर्न सिफारिस समितिलाई उपयुक्त लागेमा सोको कारण वा आधार समेत उल्लेख गरी प्रत्येक विधामा प्रतिष्ठित श्रेणीको परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न सक्नेछ ।

**(क)** यस दफाको प्रयोजनका लागि कम्तिमा ४० बर्ष आफ्नो विधामा योगदान पुऱ्याएको व्यक्ति हुनु पर्नेछ ।

**(ख)** सिफारिस समितिले आवश्यक ठानेमा यस्तो सिफारिस गर्नु अघि सम्वद्ध सरोकारवाला संघ-संस्थाहरुसँग परामर्श लिन सक्नेछ ।

(२) सङ्गीत तथा नाट्य विधासँग आवद्धता रहेका प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरुलाई प्रतिष्ठित श्रेणिको परिचयपत्र प्रदान गरिनेछ ।

**(९) भाषाको समानता :**यस कार्यविधिको प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषासहित नेपालमा बोलिने सबै राष्ट्रभाषाहरुलाई समानस्थान प्राप्त हुनेछ ।

**(१०) परिचयपत्रको लागि दरखास्त दिनु पर्ने :**(क) परिचयपत्र लिन चाहने व्यक्तिले अनुसूची ३ बमोजिमको ढाँचामा फाराम भरी प्रज्ञा प्रतिष्ठानको कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) परिचयपत्र लिन चाहने व्यक्तिले फाराम बुझाउँदा सम्बन्धित विधाको सामूहिक व्यवस्थापन संगठन(CMO) वा सो नभएको अवस्थामा आफ्नो विधासँग सम्बन्धित कुनै एक संस्थाको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

(ग) परिचयपत्र लिन आउँदा सम्बन्धित कागजातहरु लिई आउनु पर्ने छ ।

***(स्पष्टिकरण:सामूहिक व्यवस्थापन संगठन नभएको वा आफुसँग सम्बन्धित संघ संस्था, पनि नभएको अवस्थामा भने यो प्रावधान अनिवार्य हुने छैन ।)***

**११) परिचयपत्र सिफारिस समिति :(क)** परिचयपत्र वितरण गर्ने प्रयोजनका लागि सिफारिस गर्न प्रज्ञा प्रतिष्ठानमा देहायवमोजिमको एक परिचयपत्र सिफारिस समिति रहनेछ । उक्त समितिको गठन प्रज्ञा प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

(१) अध्यक्ष - १

(२) विधागत विभाग - १

(३) संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको प्रतिनिधि - १

(४) प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको प्रतिनिधि - १

(५) सदस्य सचिव - १

(ख) समितिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रका विशेषज्ञ र सरोकारवाला संस्थाका प्रतिनिधि समितिमा राख्न सक्नेछ ।

(ग) सिफारिस समितिले आफ्नो काममा सघाउ पुऱ्याउनका लागि खास प्रयोजनको लागि उप-समिति गठन गर्न सक्ने छ ।

**१२) परिचयपत्र सिफारिस समितिको काम, कर्तव्य र अधिकार** :- समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्रष्टा/कलाकार/गायक/गायिकाले परिचयपत्रको लागि अनुसूची ३ वमोजिम भरेको फारम एवं व्यक्तिगत विवरण अध्ययन गरी दफा ७ बमोजिम तोकिएको मापदण्डका आधारमा परिचयपत्रको लागि सिफारिस गर्ने ।

(ख) स्रष्टा/कलाकार/ गायक/गायिकाको व्यक्तिगत विवरण संकलन गर्ने, विवरण माग गर्ने र रेकर्ड अध्यावधिक राख्ने ।

(ग) परिचयपत्रका सम्बन्धमा प्राप्त जनगुनासो तथा सुझावहरु संकलन गरी प्रज्ञा प्रतिष्ठान समक्ष पेश गर्ने ।

(घ) परिचयपत्रको दुरुपयोग गरेको सम्बन्धमा वा परिचयपत्रको मर्यादामा आँच आउने गरि भएको आचरण र व्यवहारको सम्बन्धमा आवश्यक जाँचबुझ गरी आवश्यक कारवाहीका लागि प्रज्ञा-प्रतिष्ठान समक्ष सिफारिस गर्ने ।

(ङ)  समितिको वैठक सम्बन्धी कार्यविधि प्रज्ञा-प्रतिष्ठानले निर्धारण गरे वमोजिम हुनेछ ।

**(१३) परिचयपत्र वहाल रहने अवधि**:- परिचयपत्रको अवधि देहाय बमोजिम श्रेणीका लागि निम्नानुसार रहनेछ :

(क) प्रतिष्ठित श्रेणी (Renowned Class) :- यस श्रेणीको परिचयपत्र सदाको लागि प्रदान गरिनेछ ।

तर दफा १५ को (ख), (ग), (घ) र (ङ) को अवस्था स्थापित भएको खण्डमा भने परिचयपत्र रद्द गर्न वाधा पुऱ्याएको मानिने छैन ।

(ख) बरिष्ठ श्रेणी (Senior class):- यस श्रेणीको परिचयपत्रको समयावधि जारी मितिले १० बर्षको हुनेछ ।

(ग) साधारण श्रेणी (General class):- यस श्रेणीको परिचयपत्रको समयावधि जारी मितिले ५ बर्षको हुनेछ ।

तर कुनै परिचय पत्र वाहकको परिचयपत्र श्रेणी वृद्धि गर्ने मापदण्ड पुरा भएको भए त्यस्तो व्यक्तिको परिचयपत्रको श्रेणी वृद्धि गर्न कुनै वाधा पर्ने छैन ।

**(१४) परिचयपत्रको नविकरण :-**अवधि तोकिएको परिचयपत्र वाहकको दफा १३ मा उल्लेखित म्याद समाप्त हुनु १५ दिन अघि सिफारिस समिति समक्ष नविकरणका लागि निवेदन दिनु पर्नेछ र समितिको सिफारिसमा नविकरण गर्न सकिनेछ ।

**(१५) परिचयपत्र रद्द हुन सक्ने** :- देहाय वमोजिमको आधारमा परिचयपत्र रद्द गर्न सिफारिस समितिले प्रज्ञा-प्रतिष्ठान समक्ष सिफारिस  गर्न सक्नेछ :

(क) प्रतिष्ठित श्रेणीको परिचयपत्र प्राप्त गर्ने व्यक्ति वाहेक अन्य श्रेणीको परिचयपत्र प्राप्त गर्ने व्यक्ति सम्बन्धित विधा वा क्षेत्रमा  निस्क्रिय रहेको पाईएमा,

(ख) परिचयपत्रको मर्यादा विपरित आचरण व्यवहार गरेमा,

(ग) परिचयपत्रको दुरुपयोग गरेमा,

(घ) परिचयपत्र वाहक नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) परिचयपत्र वाहक व्यक्तिले विदेशी आवाशीय अनुमति लिएमा,

(च) परिचयपत्र वाहकको मृत्यु भएमा ।

**(१६) जानकारी दिनुपर्ने** :- (१) परिचयपत्र वाहकले परिचयपत्र हराएमा वा काम नलाग्ने गरी च्यातिएमा वा झुत्रो भएमा सो को लिखित जानकारी यथाशिघ्र समितिमा गराउनु पर्नेछ ।

(२) उपदफा १ को अवस्थामा समितिले निर्धारण गरे अनुसार परिचयपत्रको प्रतिलिपि प्राप्त गर्न सकिने छ ।

**(१७) परिचयपत्रको प्रयोग :-**(१) परिचयपत्र प्राप्त व्यक्तिले प्रचलित कानूनमा भएको व्यवस्था अनुरुप परिचयपत्रको प्रयोग गर्न पाउनेछ ।

(२) परिचयपत्र प्राप्त गरेको व्यक्तिले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएका सार्वजनिक निकाय वा अन्य क्षेत्रवाट प्रदान गरिने सेवा सुविधाहरुमा कानून बमोजिम परिचयपत्रको प्रयोग गर्न पाउने छ ।

**(१८) सेवा सुविधामा समन्वय :-**(क) परिचयपत्र प्राप्त स्रष्टा/कलाकार/गायक/गायिकाहरुलाई नेपाल सरकाद्वारा प्रदान गरिने सेवा सुविधा सोही परिचयपत्रको आधारमा प्राप्त गर्नको लागि प्रज्ञा प्रतिष्ठानले पहल गर्नेछ र सोमा मन्त्रालयले समन्वय गर्नेछ ।

(ख) परिचयपत्रको कार्यान्वयनमा कुनै वाधा व्यवधान आएमा वा दफा १८ वमोजिम परिचयपत्रको कार्यान्वयनमा कुनै नीतिगत निर्णय वा ऐन कानूनमा संसोधन वा अन्य उपयुक्त निर्णय गर्नुपरेमा प्रज्ञा-प्रतिष्ठानको शिफारिसमा मन्त्रालयले गर्नेछ ।

**(१९) परिचयपत्र जारी गर्ने :-**समितिको निर्णयानुसार देहाय बमोजिम श्रेणीगत आधारमा फरक फरक रंगको स्रष्टा/कलाकार परिचयपत्र अनुसूची ४ को ढाँचामा प्रज्ञा प्रतिष्ठानले जारी गर्नेछ ।

(क) प्रतिष्ठित श्रेणीको परिचयपत्र रातो रंगको हुनेछ ।

(ख) वरिष्ठ श्रेणीको परिचयपत्र निलो रंगको हुनेछ ।

(ग) साधारण श्रेणीको परिचयपत्र हरियो रंगको हुनेछ ।

**(२०) परिचयपत्र वितरणमा पारदर्शीता :-**

विभिन्न श्रेणीको परिचयपत्र वितरणको विवरण प्रज्ञा प्रतिष्ठानको वेवसाईटमा राखिनेछ ।

(२१) **कार्यविधिको व्याख्या र संसोधन :-**(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार प्रज्ञा प्रतिष्ठानमा निहित रहनेछ ।

(ख) प्रज्ञा प्रतिष्ठानले गीत, सङ्गीत तथा नाट्य विधासँग सम्वद्ध संघ-संस्थाहरुको राय सुझाव लिन सक्नेछ र  मन्त्रालयको स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानले कार्यविधि शंशोधन गर्न सक्नेछ ।

## अनुसूची १ (दफा ७ सँग सम्बन्धित)

कार्यविधिको दफा ७ मा उल्लेख भएअनुसार गीतकार, सङ्गीतकार, लोक भाका संकलक, गायक/गायिका, सङ्गीत संयोजक र वाद्यवादकको हकमा परिचयपत्र वितरणका मापदण्डहरु देहाय वमोजिम श्रेणीका लागि देहाय वमोजिम हुनेछन् ।

**(क) प्रतिष्ठित श्रेणी**

- आफ्नो विधासँग सम्बन्धित क्षेत्रको श्रृजना/साधनमा ३० बर्षको निरन्तरता रहेको ।
- कम्तिमा २०० वटा गीत सार्वजनिक रुपमा प्रसारणमा/प्रकाशनमा ल्याएको ।
- सरकारी स्तरबाट सम्मान/पुरस्कार प्राप्त गरेको ।
- निजी क्षेत्रका राष्ट्रिय स्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका सघं/संस्थाहरुबाट कम्तिमा १० वटा सम्मान प्राप्त गरेको ।
- ख्यातियुक्त लोकप्रियता हासील गरेको ।
- आफ्नो विधाको उत्थान, विकास, सम्वर्द्धन एवं प्रवर्द्धन गर्नका लागि राज्यद्वारा गठीत निकाय वा समितिमा रही योगदान पुऱ्याएको ।
- राज्यसम्वद्ध वा राष्ट्रिय स्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका संघ संस्थाले आयोजना गरेका प्रतियोगिताहरुमा आफ्नो विधासँग सम्वन्धित रही कम्तिमा ५ वटामा निर्णायकको भूमिका निर्वाह गरेको ।
- राज्य सम्वद्ध वा राष्ट्रियस्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका निजी क्षेत्रका गीत सङ्गीतको विधासँग सम्बन्धित संस्थाको कार्यसमितिमा कम्तिमा ४ बर्ष काम गरेको वा संरक्षक/सल्लाहकारको भूमिका निर्वाह गरेको ।

  (**स्पष्टिकरण** : लोकप्रियता निर्धारण गर्ने प्रयोजनका लागि सम्बन्धित विधा वा क्षेत्रका हक हितका लागि स्थापित संघ-संस्थाले मापदण्ड बनाई सो मापदण्ड यस कार्यविधि अनुसार गठीत सिफारिस समितिबाट स्वीकृत गराई सो का आधारमा आफूसम्बद्ध संघसंस्थाबाट प्राप्त सिफारिस बमोजिम लोकप्रियताको निर्धारण गरिनेछ ।)

  ***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति प्रतिष्ठित श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

**(ख) बरिष्ठ श्रेणी**

- आफ्नो विधासँग सम्बन्धित क्षेत्रको श्रृजना/साधनमा १५ बर्षको निरन्तरता रहेको ।
- कम्तिमा १५० वटा गीत सार्वजनिक रुपमा प्रशारण/प्रकासनमा ल्याएको ।
- लोकप्रियता हाशिल गरेको ।
- कम्तिमा ५ वटा सम्मान प्राप्त गरेको ।
- सरकारी स्तरमा सम्मान/पुरस्कार प्राप्त गरेको ।
- आफ्नो श्रृजनाद्वारा आफ्नो विधामा प्रभावशाली उपस्थिति दर्शाएको ।
- आफ्नो विधामा व्यावसायिक सफलता हासिल गरेको ।
- राज्य सम्वद्ध वा राष्ट्रिय स्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका संस्थाले आयोजना गरेका प्रतियोगिताहरुमा आफ्नो विधासँग सम्बन्धित रही कम्तिमा ३ वटामा निर्णायकको भूमिका निर्वाह गरेको ।
- राज्य सम्वद्ध वा राष्ट्रिय स्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका निजी क्षेत्रका गीत सङ्गीतको विधासँग सम्बन्धित संस्थाको कार्यसमितिमा रही कम्तिमा २ बर्ष योगदान पुऱ्याएको ।

(**स्पष्टिकरण** : लोकप्रियता निर्धारण गर्ने प्रयोजनका लागि सम्बन्धित विधा वा क्षेत्रका हक हितका लागि स्थापित संघ-संस्थाले मापदण्ड बनाई सो मापदण्ड यस कार्यविधि अनुसार गठीत शिफारिस समितिबाट स्वीकृत गराई सोका आधारमा आफू सम्बद्ध संघसस्थाबाट प्राप्त सिफारिस बमोजिम लोकप्रियताको निर्धारण गरिनेछ ।)

***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति बरिष्ठ श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

**ग) साधारण श्रेणी**

- आफू सम्वद्ध विधामा कम्तिमा ५ बर्ष क्रियाशील रहेको ।
- कम्तिमा २५ वटा गीत/सङ्गीत प्रशारण/प्रकासनमा आएको
- कुनै प्रतिष्ठित सामाजिक संस्थाबाट पुरस्कृत, प्रशंशीत वा सम्मानित भएको ।

- नेपाल सरकारबाट स्वीकृति प्राप्त आफ्नो विधासँग सम्बन्धित संस्थाबाट सदस्यता प्राप्त गरेको
- आफू सम्वद्ध संघ/संस्थावाट शिफारिश प्राप्त गरेको ।

***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति साधारण श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

## अनुसूची २ (दफा ७ सँग सम्बन्धित)

कार्यविधिको दफा ७ मा उल्लेख भएअनुसार नृत्यकार, नृत्य निर्देशक, नाटककार, नाट्य निर्देशक, रङ्गकर्मीको हकमा परिचयपत्र वितरणका मापदण्डहरु देहाय बमोजिम श्रेणिका लागि देहाय बमोजिम हुनेछन् ।

**(क) प्रतिष्ठित श्रेणी**

- कम्तिमा ३० वर्ष सम्बन्धित विधामा निरन्तर योगदान गरेको ।
- नाट्य विधाको हकमा क्षेत्र अनुसार कम्तिमा १५ वटा नाटक प्रकाशन, निर्देशन, प्रर्दशन वा मञ्चन गरेको र नृत्य निर्देशकको हकमा ३०० र नृत्यकारको हकमा ५०० वटा प्रस्तुती भएको ।
- सरकारी स्तरबाट मानसम्मान/पुरस्कार प्राप्त गरेको ।
- निजी क्षेत्रका राष्ट्रिय स्तरमा सामाजिक स्वीकृति प्राप्त गरेका संघ-संस्थाहरुबाट कम्तिमा १० वटा सम्मान प्राप्त गरेको ।
- ख्यातियुक्त लोकप्रियता हासिल गरेको ।
- आफ्नो विधाको उत्थान, विकास सम्वर्द्धनको लागि राज्यद्वारा गठित आयोग, निकाय र समितिमा रही कार्य गरेको ।
- राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संघ, संस्थाले आयोजना गरेका प्रतियोगितामा कम्तिमा १० वटामा निर्णायकको भूमिका निर्वाह गरेको ।
- राष्ट्रिय स्तरको सरकारी वा गैर सरकारी साँस्कृतिक विधासँग सम्बन्धित संस्थाको कार्य समितिमा रही कम्तिमा ४ वर्ष काम गरेको वा संरक्षक/सल्लाहकारको भूमिका निर्वाह गरेको ।

***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति प्रतिष्ठित श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

**(ख) बरिष्ठ श्रेणी**

- आफ्नो सम्बिन्धित विधामा कम्तिमा १५ वर्ष निरन्तर योगदान गरेको ।
- नाटय् विधाको हकमा क्षेत्रअनुसार कम्तिमा १० वटा नाटक प्रकाशन, निर्देशन, प्रर्दशन वा मञ्चन गरेको र नृत्य निर्देशकको हकमा २०० र नृत्यकारको हकमा ३०० वटा प्रस्तुती भएको ।
- ख्यातीयुक्त लोकप्रियता हासिल गरेको ।
- राष्ट्रिय स्तरको कम्तिमा ५ मान, सम्मान/पुरस्कार प्राप्त गरेको ।
- आफ्नो विधामा व्यावसायिक सफलता हासिल गरेको ।
- रााष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संघ, संस्थाले आयोजना गरेको सम्बन्धित विधाको प्रतियोगिताहरुमा कम्तिमा ५ वटा मा निर्णायकको भूमिका निर्वाह गरेको ।
- राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संघ, संस्थामा रही कम्तिमा २ वर्ष योगदान गरेको ।

***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति बरिष्ठ श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

**(ग) साधारण श्रेणी :**

- सम्बन्धित विधामा कम्तिमा ५ वर्षसम्म निरन्तर क्रियाशिल रहेको ।
- नाटय् विधाको हकमा क्षेत्रअनुसार कम्तिमा ५ वटा नाटक प्रकाशन, निर्देशन, प्रर्दशन वा मञ्चन गरेको र नृत्य निर्देशकको हकमा १०० र नृत्यकारको हकमा २०० वटा प्रस्तुती भएको ।
- कुनै पनि प्रतिष्ठीत सामाजिक, साँस्कृतिक संघ-संस्थाबाट मान सम्मान पुरस्कार प्राप्त गरेको ।
- नेपाल सरकारबाट स्वीकृत सम्बन्धित विधागत संस्थाबाट सदस्यता प्राप्त गरेको ।
- आफु सम्बद्ध संघ-संस्थाबाट सिफारिस प्राप्त गरेको ।

***(माथिका उल्लेखित विभिन्न अवस्थाहरु मध्ये कम्तिमा ७५ प्रतिशत अवस्था पूरा गरेको व्यक्ति साधारण श्रेणीको परिचयपत्र प्राप्त गर्नका लागि योग्य हुनेछ ।)***

## अनुससूची ३

**(कार्यविधिको दफा १० सँग सम्बन्धित)**

## नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

विषय : स्रष्टा/कलाकार परिचयपत्र पाउँ भन्ने बारे ।

**(१) दरखास्तवालाको नामथर :**

(क) देवनागरिमा :

(ख) अंग्रजी ठूलो अक्षरमा :

(ग) पिता/पति/पत्नीको नाम थर :

(घ) बाजेको नाम :

**(२) स्थायी ठेगाना :-**

(क) स्थायी ठेगाना :-

.....................................................अञ्चल/प्रदेश........................................

............जिल्ला/स्थानियतह......................................................................

............................गाउँपालिका/न.पा.....................वडानं..........................टोल

.................................................................

(ख) अस्थायी ठेगाना :-

.....................................................अञ्चल/प्रदेश........................................

............जिल्ला/स्थानियतह....................................................................

गाउँपालिका/न.पा.............................................................................वडा

नं.........................टोल.................................................................

(३) (क) लिङ्ग................................................

(ख) पेशा.......................................................

(ग) शैक्षिक योग्यता..................................................................................

(घ) हुलीया................................................

(४) नागरिकता नम्बर..............................

नागरिकता जारी गर्ने मिति र जिल्ला...................................................................

(५) सम्पर्क नम्बर ..............................................................

(क) मोवाइल..........................................................

(ख) फोन नं.......................................................

(ग) ई-मेल.........................................................................

(६) सिर्जना तथा कला क्षेत्रमा शुरु/प्रवेश मिति : ..................................................

(७) परिचयपत्र लिन चाहेको विधा : ..................................................................

(८) सिर्जना तथा कलाक्षेत्रमा संलग्न अवधि : .........................................

(९) सिर्जना तथा कलाक्षेत्रमा पुऱ्याएको योगदान र प्राप्त उपलब्धी

(क) ...................................................................

(ख) ...................................................................

(ग) ...................................................................

(घ) ...................................................................

(ङ) ...................................................................

(१०) सिर्जना तथा कला क्षेत्रमा लाग्नुको मूल उद्देश्य :-

...................................................................

...................................................................

...................................................................

...................................................................

(११) प्राप्त पुरस्कार/सम्मानको विवरण :

(क) ...................................................................

(ख) ...................................................................

(ग) ...................................................................

(घ) ...................................................................

(ङ) ...................................................................

(१२) अन्य केही उल्लेखनीय कुरा भए खुलाउने

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................

(१३) संलग्न कागजातहरु

(क) ......................................................................

(ख) ......................................................................

(ग) ......................................................................

(घ) ......................................................................

(ङ) ......................................................................

(१४) उपरोक्त विवरण ठीक छ र कानून बमोजिम गलत ठहरे सहुँला/बुझाउँला भनि सही गर्ने

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

| दाँया | वाँया |
|---|---|
| | |

## अनुसूची ४

**(दफा १९ सँग सम्बन्धित)**

नेपाल सरकार
लोगो

Photo

प्रज्ञा
प्रतिष्ठान
लोगो

नेपाल सरकार

संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

### स्रष्टा/कलाकार परिचयपत्र

नाम :

लिङ्ग :

विधा :

श्रेणी :

नगरिकता प्रमाणपत्र नं. र जारी गर्ने जिल्ला :-

परिचयपत्र जारी मिति :- परिचयपत्र वाहल रहने मिति :-

परिचयपत्र वाहकको दस्तखत :-

.........................................................................

प्रमाणित गर्नेको दस्तखत

Government of NepalLogo

Photo

Academy logo

Government of Nepal

Ministry of Culture, Tourism and Civil Aviation

Nepal Academy of Music and Drama

**Creator/Artist Identity Card**

Name :

Sex :

Category :

Class :

Citizenship no. and District:

Issue Date : Expiry Date :

Signature of Card Bearer ………………………

………………..

Signature of Authority